# अर्थ बुलेटिन

वर्ष ६ अंक ४ कात्तिक, २०८१

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- राजस्व परिचालनमा सुधार हुँदै गएको छ। आर्थिक वर्ष २०८१/८२ को कात्तिकसम्म संघीय सरकारको राजस्व परिचालन १६.८ प्रतिशत र कुल खर्च १७.३ प्रतिशतले वृद्धि भएको छ।
- कुल वस्तु निर्यात र आयात क्रमशः ४.२ प्रतिशतले र ०.२ प्रतिशतले बढेकाले व्यापार घाटा ०.३ प्रतिशतले सुधार भएको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ५.६ प्रतिशत रहेको छ।
- वैदेशिक रोजगारमा नयाँ श्रम स्वीकृति लिई जाने कामदार तथा पुनः श्रमस्वीकृती लिने कामदारको संख्या समेत गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै विप्रेषण आप्रवाहमा समेत वृद्धि भएको छ। पर्यटन आगमनमा १४.९ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा ६६.१ प्रतिशतले वृद्धि भएको छ।
- विदेशी मुद्रा सञ्चिति बढेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्।
- समग्रमा मुलुकका समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को कात्तिक महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ३ खर्ब ५५ अर्ब ६३ करोड ४० लाखको तुलनामा १६.७ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब १५ अर्ब २ करोड १ लाख पुगेको छ। कुल खर्चमध्ये चालु खर्च ७०.५ प्रतिशत, पूँजीगत खर्च ८.३ प्रतिशत र वित्तीय व्यवस्था तर्फ २१.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको कात्तिक महिनासम्म यस्तो खर्च क्रमशः ७६.३ प्रतिशत, ८.४ प्रतिशत र १५.३ प्रतिशत रहेको थियो। यस अवधिको पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ भने चालु खर्चमा पनि ७.९ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (१): पछिल्लो ५ आर्थिक वर्षको कात्तिक महिनासम्मको खर्चको स्थिति (रु.करोड)**

| क्र.सं./आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| चालु | २३०१२.२० | २३३५०.७९ | २८१३८.६१ | २७११७.४७ | २९२५२.६७ |
| पूँजीगत | २९४४.५२ | २०७९.२१ | २६२९.६१ | २९९८.९४ | ३४५३.१ |
| वित्तीय व्यवस्था | ९५०.३१ | ३३२३.९२ | ४३३०.५१ | ५४४६.९९ | ८७९६.२४ |
| **कुल** | **२६९०७.०३** | **२८७५३.९२** | **३५०९८.७३** | **३५५६३.४०** | **४१५०२.०१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको कुल खर्चमध्ये असोज महिनामा सबैभन्दा बढी ४६.२ प्रतिशत र सबैभन्दा कम साउन महिनामा ९.७ प्रतिशत रकम खर्च भएको छ। चाडपर्व खर्च बापत रकम भुक्तानी हुँदा असोज महिनामा भएको खर्च भार बढी भएको हो।

**तालिका (२): चालु आर्थिक वर्षको मासिक खर्चको स्थिति (रु. करोड)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| **साउन** | १२३८.२२ | ८५५.४८ | १९२७.०६ | ४०२०.७६ | ०.०९७ |
| **भदौ** | ७०६०.४३ | ६३३.९२ | २०४०.१६ | ९७३४.५१ | ०.२३५ |
| **असोज** | १४६८६.५६ | १४४८.०६ | ३०३०.२२ | १९१६४.८४ | ०.४६२ |
| **कात्तिक** | ६२६७.४६ | ५१५.६४ | १७९८.८० | ८५८१.९० | ०.२०७ |
| **जम्मा** | २९२५२.६७ | ३४५३.१० | ८७९६.२४ | ४१५०२.०१ | १.००० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. चालु आर्थिक वर्षको कात्तिकसम्म राजस्व सङ्कलन वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को कात्तिक महिनासम्म संघीय सरकारको कुल राजस्व प्राप्ति गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्वको तुलनामा १६.८ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब २३ अर्ब २४ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व र गैरकर राजस्वको अंश क्रमशः ८९.७ प्रतिशत र १०.३ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ३ खर्ब २९ अर्ब १ करोड ५६ लाख रहेको छ।

http://www.mof.gov.np इमेलः epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५


**तालिका (२): पछिल्लो ५ आर्थिक वर्षको कात्तिक महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| क्र.सं./आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कर | २२६०३.९३ | ३०५३९.८५ | २४५७८.६८ | २५४३०.२२ | २८९९० |
| गैरकर | १४११.३५ | २८९१.५४ | २२२८.४९ | २२३३.७८ | ३३३४.०५ |
| **जम्मा** | **२४०१५.२८** | **३३४३१.३९** | **२६८०७.१७** | **२७६६४.००** | **३२३२४.००** |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. गत आर्थिक वर्षको कात्तिक महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा गैरकरको अंश बढेकोले अन्य शिर्षकका करको अंश घटेको छ। गत आर्थिक वर्षको कात्तिकसम्मको कुल राजस्वमा ८.१ प्रतिशत गैरकर राजस्वको हिस्सा रहेकोमा चालु आर्थिक वर्षमा वृद्धि भई १०.३ प्रतिशत पुगेको छ। साथै, यस अवधिको कुल राजस्वमा अन्त:शुल्कको हिस्सा वृद्धि भएको छ भने अन्य करको हिस्सा घटेको छ।


**चार्ट (१): पछिल्लो २ आर्थिक वर्षको कात्तिक महिनासम्मको सङ्कलित राजस्वको संरचना**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म ब्याज कर सङ्कलन ११.४ प्रतिशतले कमी आएको छ भने अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ। ब्याजदर घट्दै गएसँगै ब्याजकर तर्फको आयकर सङ्कलनमा सङ्कुचन आएको हो।

**चार्ट (२): पछिल्लो ५ आर्थिक वर्षको पहिलो कात्तिक महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोड)**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

६. कोभिड-१९ महामारी पश्चात् आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनासम्म उच्च दरले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा १९.८ प्रतिशतले घटेको थियो। तत्पश्चातका वर्षमा क्रमशः सुधार हुँदै चालु आर्थिक वर्षको पहिलो चार महिनामा राजस्व वृद्धिदर १६.८ प्रतिशत रहेको छ।

**तालिका (३): पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८१/८२ को वार्षिक लक्ष्य | २०८०/८१ कात्तिक सम्मको सङ्कलन | आ.व. २०८१/८२ कात्तिकसम्मको लक्ष्य | सङ्कलन | कात्तिकसम्मको लक्ष्यको तुलनामा सङ्कलन प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **३०,७३६.२३** | **६,११८.०६** | **९,४७२.००** | **६,७६०.९१** | **७१.४** | **१०.५** |
| **मूल्य अभिवृद्धि कर** | **३८,६५२.००** | **८,७३३.२४** | **१२,५२८.३९** | **९,८७५.९६** | **७८.८** | **१३.१** |
| उत्पादन, बिक्री, सेवा | १६,४३६.६६ | ३,४१८.३२ | ५,१०१.४८ | ४,१४५.६० | ८१.३ | २१.३ |
| पैठारी | २२,२१५.३४ | ५,३१४.९२ | ७,४२६.९१ | ५,७३०.३६ | ७७.२ | ७.८ |
| **अन्तःशुल्क** | **१९,४९६.१६** | **४,४४५.७५** | **६,१७७.३०** | **५,५३१.५०** | **८९.५** | **२४.४** |
| आन्तरिक उत्पादन | १४,१८०.५८ | ३,१९३.६९ | ४,२१९.६५ | ३,९५५.५७ | ९३.७ | २३.९ |
| पैठारी | ५,३१५.५८ | १,२५२.०६ | १,९५७.६५ | १,५७५.९४ | ८०.५ | २५.९ |
| **शिक्षा सेवा शुल्क** | **४६५.७६** | **१२१.०१** | **६६.४७** | **१२७.७५** | **१९२.२** | **५.६** |
| **आयकर** | **३९,०७०.८१** | **६,०१२.१५** | **८,६२७.७९** | **६,६९३.८३** | **७७.६** | **११.३** |
| आयकर | ३४,०६२.३० | ४,४२०.१३ | ६,६०४.४९ | ५,२८३.७४ | ८०.० | १९.५ |
| ब्याज कर | ५,००८.५१ | १,५९२.०२ | २,०२३.३० | १,४१०.०९ | ६९.७ | -११.४ |
| **कर राजस्व जम्मा** | **१२८,४२०.९६** | **२५,४३०.२१** | **३६,८७१.९५** | **२८,९८९.९५** | **७८.६** | **१४.०** |
| **गैर कर जम्मा** | **१३,५०९.३४** | **२,२३३.७८** | **३,७६५.०५** | **३,३३४.०५** | **८८.६** | **४९.३** |
| **कूल राजस्व** | **१४१,९३०.३०** | **२७,६६३.९९** | **४०,६३७.००** | **३२,३२४.००** | **७९.५** | **१६.८** |
| **अन्य प्राप्ति** | **-** | **१६२५.७७** | **०.००** | **५७७.५५** | | **-६४.५** |
| **जम्मा राजस्व/प्राप्ति** | **१४१,९३०.३०** | **२९,२८९.७८** | **४०,६३७.००** | **३२,९०१.५६** | **८१.०** | **१२.३** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

७. चालु आर्थिक वर्षको असोज महिनासम्ममा शिक्षा सेवा शुल्क सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ८०.१ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको १७.५ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. २ खर्ब ४० अर्ब ८५ करोड ९१ लाखको तुलनामा १७.० प्रतिशतले वृद्धि भई रू. २ खर्ब ८१ अर्ब ७४ करोड ५५ लाख पुगेको छ। यस अवधिमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व समेत १६.० प्रतिशतले वृद्धि भएको छ।

## करको दायरा विस्तार

९. २०८१ कात्तिकसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ६४ लाख ५८ हजार ९ सय ९९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल स्थायी लेखा नम्बरमा व्यावसायिक स्थायी लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः ३०.७ प्रतिशत, ०.५ प्रतिशत र ६८.८ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ३५ हजार ४ सय ९९ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २१ हजार २ सय १ पुगेको छ।

**तालिका (४) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८१ असारसम्म | २०८०/८१ कात्तिकसम्म | २०८१/८२ कात्तिकसम्म | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १९४४१०१ | ४१८३३ | ३६२८४ | १९८०३८५ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ३३३२८ | २१२६ | ८७५ | ३४२०३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ४२४८७०४ | १९९३६१ | १९५७०७ | ४४४४४११ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६२२६१३३** | **२४३३२०** | **२३२८६६** | **६४५८९९९** |
| मू.अ.कर | ३२७४१७ | ९८८५ | ८०८२ | ३३५४९९ |
| अन्तः शुल्क | ११७३६८ | ४६४१ | ३८३३ | १२१२०१ |

स्रोतः आन्तरिक राजस्व विभाग ।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिवद्धता

१०. चालु आर्थिक वर्षको कात्तिकसम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई रु. ६६ अर्ब ७६ करोड पुगेको छ। कुल सहायता प्रतिवद्धतामध्ये अनुदानको अंश ३५.६ प्रतिशत रहेको छ भने ऋणको अंश ६४.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक सहायता प्रतिवद्धता रु. ४० अर्ब ६९ करोड रहेको थियो।

११. कुल सहायता प्रतिवद्धतामध्ये ३०.२ प्रतिशत विपद् व्यवस्थापन क्षेत्रमा प्राप्त भएको छ भने सबैभन्दा कम सुशासन क्षेत्रमा ०.६ प्रतिशत रकम प्राप्त भएको छ।

**चार्ट (३): वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत विवरण (प्रतिशत)**




स्रोतः अर्थ मन्त्रालय।

## सार्वजनिक ऋण

१२. आर्थिक वर्ष २०८१/८२ को कात्तिक महिनासम्म संघीय सरकारको तीर्न बाँकी सार्वजनिक ऋण रू. २५ खर्ब १८ अर्ब ६ करोड रहेको छ। कुल ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४९.७ प्रतिशत र ५०.३ प्रतिशत रहेको छ। यस अवधिमा विनिमय दर नोक्सानबाट सिर्जित (थप भएको) वैदेशिक ऋण दायित्व रु. ४ अर्ब ५६ करोड रहेको छ।

१३. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. ७२ अर्ब ७४ करोड र बाह्य ऋणतर्फ रु. १३ अर्ब ५८ करोड गरी कुल रु. ८६ अर्ब ३२ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. १९ अर्ब र बाह्य ऋणतर्फ रु. २ अर्ब ८३ करोड गरी कुल रु. २१ अर्ब ८३ करोड ब्याज भुक्तानी गरेको छ।

१४. आर्थिक वर्ष २०८१/८२ को कात्तिक महिनासम्म संघीय सरकारले आन्तरिक ऋण रु. १ खर्ब ४४ अर्ब र बाह्य ऋण रु. २७ अर्ब ६ करोड गरी कुल रु. १ खर्ब ७१ अर्ब ६ करोड ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१५. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २.३ प्रतिशत (रु. १ खर्ब ४९ अर्ब ८४ करोड) ले वृद्धि भएको छ। गत आर्थिक वर्षको कात्तिक मसान्तमा यस्तो निक्षेप २.७ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १२.६ प्रतिशतले वृद्धि भएको छ।

१६. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा रु. १ खर्ब २८ अर्ब ४७ करोडले वृद्धि भएको छ। गत आर्थिक वर्षमा पनि यस्तो कर्जामा रु. ९९ अर्ब ४० करोडले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ कात्तिक मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.२ प्रतिशतले वृद्धि भएको छ।

१७. २०८१ कात्तिक मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८० कात्तिक मसान्तमा ११ हजार ५ सय ५५ रहेकोमा २०८१ को सोही अवधिमा ११ हजार ५ सय ४२ कायम भएको छ।

१८. २०८१ कात्तिकसम्ममा निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८० कात्तिकमा ७.७६ प्रतिशत रहेको वाणिज्य बैंकको निक्षेपको औसत ब्याजदर २०८१ कात्तिकमा ५.०१ प्रतिशतमा झरेको छ भने यस अवधिमा कर्जाको ब्याजदर ११.९६ प्रतिशतबाट ९.०७ प्रतिशतमा झरेको छ।

१९. बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८० कात्तिकमा ३.६६ प्रतिशत रहेको निष्कृय कर्जा २०८१ को सोही अवधिमा ४.४२ प्रतिशत पुगेको छ।

## बीमा क्षेत्र

२०. बीमा क्षेत्रका परिसूचक सिमान्त दरले बढेका छन्। कुल बीमालेख सङ्ख्या र बीमाशुल्क सङ्कलन वृद्धि भएको छ भने बीमाको दायरामा आएको जनसङ्ख्या घटेको छ।

२१. चालु आर्थिक वर्षको कात्तिकसम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.३ प्रतिशतले वृद्धि भई १ करोड ४८ लाख ३ हजार २ सय ४३ पुगेको छ। यस अवधिमा बैदेशिक बीमालेख सङ्ख्या र निर्जीवन बीमालेख सङ्ख्यामा उल्लेख्य वृद्धि भए तापनि म्यादी र लघु म्यादी जीवन बीमालेख सङ्ख्यामा कमी आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल बीमालेख सङ्ख्या १ करोड ४६ लाख १४ हजार २ सय ४९ रहेको थियो।

२२. चालु आर्थिक वर्षको यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.४ प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब ५ करोड ७७ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. ६२ अर्ब १८ करोड ८४ लाख रहेको थियो।


२३. चालु आर्थिक वर्षको कात्तिकसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ३५.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ३७.१३ प्रतिशत रहेको थियो।

२४. यस अवधिको कुल बीमालेख सङ्ख्यामा बीमा र निर्जीवन बीमाको हिस्सा क्रमशः ९३.३ प्रतिशत र ६.७ प्रतिशत रहेको छ। गत वर्षको कात्तिकसम्म यस्तो हिस्सा क्रमशः ९३.९ प्रतिशत र ६.१ प्रतिशत रहेको थियो। यस अवधिको कुल बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.९ प्रतिशत र २१.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको कात्तिकसम्म उक्त हिस्सा क्रमशः ७९.५ प्रतिशत र २०.५ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२५. २०८१ कात्तिक मसान्तमा नेप्से सूचकाङ्क २७४८.७९ विन्दुमा पुगेको छ। २०८० को सोही अवधिमा मसान्तमा नेप्से सूचकाङ्क १८५२.०९ विन्दुमा रहेको थियो। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ५३.४ प्रतिशतले वृद्धि भई रु. ४३ खर्ब ७६ अर्ब ९० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. २८ खर्ब ५३ अर्ब १ करोड रहेको थियो।


**चार्ट (४): पछिल्लो ५ वर्षको कात्तिक मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२६. २०८१ कात्तिक महिनाको १ गते २७४५.३६ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावका बीच महिनाको अन्तिम कारोवार भएको दिन कात्तिक २९ गते २७४८.७९ विन्दुमा रहेको छ।

**चार्ट (५): २०८१ कात्तिक महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

## समग्र मूल्य स्थिति

२७. २०८१ को कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.६० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.३८ प्रतिशत रहेको थियो।

२८. यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.१० प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ७.२० प्रतिशत र ३.४९ प्रतिशत रहेको थियो ।

## मुद्राप्रदाय

२९. चालु आर्थिक वर्षको पहिलो तीन महिनामा विस्तृत मुद्राप्रदाय ३.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.७ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १२.१ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

३०. पहिलो चार महिनाको तथ्याङ्क अनुसार विगत तिन आर्थिक वर्षदेखि वस्तु निर्यात र आयातमा संकुचन आएको छ। आर्थिक वर्ष २०७८/७९ को कात्तिकसम्ममा निर्यात आयात अनुपात १२.६ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश ११.२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १०.३ प्रतिशत र ९.३ प्रतिशत रहेको छ।

**तालिका (५) : पछिल्लो पाँच आर्थिक वर्षको कत्तिक महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोड)**

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| आयात | ४०,२४८.९२ | ६५,०२९.२२ | ५३२६९.२ | ५१२५०.३२ | ५१३३८.७२ |
| निर्यात | ४,०१९.९९ | ८,२१२.३६ | ५४७७.४५ | ५०५६.४६ | ५२६७.०० |
| कुल व्यापार | ४४,२६८.९१ | ७३,२४१.५८ | ५८,७४६.६५ | ५६,३०६.७८ | ५६,६०५.७२ |
| व्यापार घाटा | ३६,२२८.९३ | ५६,८१६.८६ | ४७,७९१.७५ | ४६,१९३.८६ | ४६,०७१.७२ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | १०.० | १२.६ | १०.३ | ९.९ | १०.३ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९०.९ | ८८.८ | ९०.७ | ९१.० | ९०.७ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ९.१ | ११.२ | ९.३ | ९.० | ९.३ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

३१. आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.२ प्रतिशतले संकुचित भई रु.५२ अर्ब ६७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु.५० अर्ब ५६ करोड रहेको थियो। २०८१ कात्तिकसम्ममा भटमासको प्रशोधित तेलको निर्यात उच्च दरले बढेको छ भने, चिया, प्लाइउड, सेन्थेटिक यार्न लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ। यस अवधिमा फलफुलको जुस, अलैंची, तयारी कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

३२. भारततर्फ हुने निर्यातको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६७.९ प्रतिशत, १.३ प्रतिशत र ३०.८ रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६५.३ प्रतिशत, १.७ प्रतिशत र ३३.१ प्रतिशत रहेको थियो।

३३. यस अवधिमा भारततर्फ भएको निर्यातमा ८.४ प्रतिशतले वृद्धि भएको छ भने चीन र अन्य मुलुकतर्फको निर्यातमा क्रमशः १८.३ प्रतिशत र ३.० प्रतिशतले कमी आएको छ।

**तालिका (६): पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोड)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| सेन्थेटिक यार्न | ३८२.६८ | ४१९.८२ | ९.७ |
| उनी गलैंचा कार्पेट | ३७०.५१ | ३६०.०९ | -२.८ |
| भटमासको तेल प्रशोधित | १४.४१ | ३४१.०० | २२६६.४ |
| तयारी कपडा | ३४५.०४ | ३१३.३० | -९.२ |
| प्लाइउड | २३२.९८ | २७१.७५ | १६.६ |
| फलामे पाता | ४०४.३९ | २६८.०७ | -३३.७ |
| फलफुलको जुस | २८४.९७ | २३७.३४ | -१६.७ |
| चिया | १४९.४४ | २३६.८१ | ५८.५ |
| जमोठ कपडा | १८७.८४ | १९७.४६ | ५.१ |
| अलैची | २१५.६१ | १९०.११ | -११.८ |
| अन्य | २४६८.५९ | २४३१.२५ | -१.५ |
| **जम्मा** | **५०५६.४६** | **५२६७.००** | ४.२ |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३४. चालु आर्थिक वर्ष २०८१/८२ को कात्तिक महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.२ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब १३ अर्ब ३९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ३.८ प्रतिशतले कमी आई रु. ५ खर्ब १२ अर्ब ५० करोड रहेको थियो।

३५. चालु आर्थिक वर्षको कात्तिक महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा युरीया, सुर्यमुखिको कच्चा तेल, शुद्ध फलाम, एल पी ग्यास, मोबाइल टेलिफोन लगायतका वस्तुको आयात बढेको छ भने डिजेल, पेट्रोल, गहुँ, फलामे पत्रु, सुन, डीए पी मल, लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा पेट्रोलको आयात परिमाणमा वृद्धि भएतापनि आयात मूल्यमा कमी आएको छ।

३६. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६१.७ प्रतिशत, २०.१ प्रतिशत र १८.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६१.३ प्रतिशत, १९.६ प्रतिशत र १९.२ प्रतिशत रहेको थियो।

३७. यस अवधिमा भारत र चीन तर्फको आयातमा क्रमशः ०.९ प्रतिशत, २.९ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकतर्फको आयातमा ५.० प्रतिशतले कमी आएको छ।

## तालिका (७): पछिल्लो दुई आर्थिक वर्षको कात्तिक महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोड)


| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ४०३१.२५ | २९०४.२१ | -२८.० |
| पेट्रोल | २२८७.२८ | २१५६.२९ | -५.७ |
| एल पि ग्यास | १५४५.८८ | १८८५.९४ | २२.० |
| शुद्ध फलाम | १२०१.९५ | १५९६.९३ | ३२.९ |
| तयारी कपडा | १५०८.६१ | १५१२.८४ | ०.३ |
| एच.आर.सिट | १३९६.१२ | १४७०.७८ | ५.३ |
| मोबाइल टेलिफोन | ११९१.८४ | १४११.५१ | १८.४ |
| अन्य एलोपेथीक औषधी | ८७१.४६ | ९९७.५६ | १४.५ |
| सुर्यमुखिको कच्चा तेल | ५४३.४६ | ९६०.०६ | ७६.७ |
| युरिया | ५०८.१३ | ९६०.०१ | ८८.९ |
| अन्य | ३६१६४.३४ | ३५४८२.५९ | -१.९ |
| **जम्मा** | **५१२५०.३२** | **५१३३८.७२** | ०.२ |

स्रोतः भन्सार विभाग ।

### व्यापार घाटा

३८. आर्थिक वर्ष २०८१/८२ को कात्तिक महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.३ प्रतिशतले कमि आई रु.४ खर्ब ६० अर्ब ७२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ३.३ प्रतिशतले सुधार भएको थियो।


चार्ट (७):पछिल्लो ५ आर्थिक वर्षको कात्तिक महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्ब)




स्रोतः भन्सार विभाग।

३९. नेपालको कुल व्यापारमा आयातको हिस्सा उच्च रहदै आएको छ। निर्यातको अंश अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन। विगत पाँच आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७८/७९ को पहिलो चार महिनासम्म कुल व्यापारमा निर्यातको हिस्सा ११.२ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरुमा यस्तो हिस्सा क्रमशः न्यून हुँदै गएको छ। चालु आर्थिक वर्षमा भने गत आर्थिक वर्षको तुलनामा कुल व्यापारमा निर्यातको अंश केही बढेको छ।

चार्ट (८): पछिल्लो ५ आर्थिक वर्षको पहिलो चार महिनाको वैदेशिक व्यापारको स्थिति (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

## सेवा व्यापार

४०. आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. ७३ अर्ब ३१ करोडको तुलनामा ०.१ प्रतिशतले वृद्धि भई रु. ७३ अर्ब ३९ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. १ खर्ब १ अर्ब २१ करोडको तुलनामा ४.८ प्रतिशतले कमि आई रु. ९६ अर्ब ३४ करोड रहेको छ।

४१. आर्थिक वर्ष २०८१/८२ को कात्तिक महिनासम्म खुद सेवा आय रु.२२ अर्ब ९५ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रु.२७ अर्ब ८९ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४२. चालु आर्थिक वर्षको पहिलो चार महिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही महिनाको तुलनामा ९.१ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब २१ अर्ब ६३ करोड (अमेरिकी डलर ३ अर्ब ८७ करोड) पुगेको छ। गत आर्थिक वर्षको कात्तिक महिनासम्म विप्रेषण आप्रवाह रु.५ खर्ब २१ अर्ब ६३ करोड (अमेरिकी डलर ३ अर्ब ६० करोड) रहेको थियो।

४३. नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा वृद्धि भएको छ। चालु आर्थिक वर्षको पहिलो चार महिनामा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या ७.३ प्रतिशतले वृद्धि भई १ लाख ४७ हजार ४ सय ७८ पुगेको छ। गत आर्थिक वर्षको कात्तिक सम्ममा यस्तो सङ्ख्या ३०.१ प्रतिशतले घटेर १ लाख ३७ हजार ४ सय ७५ रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४४. आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। चालु खाता अघिल्लो आर्थिक वर्ष २०८०/८१ को कात्तिक महिनासम्म रू. ९७ अर्ब १० करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रू. १ खर्ब ४३ अर्ब ४२ करोडले बचतमा रहेको छ। यस अवधिमा चालु खाता अमेरिकी डलरमा १ अर्ब ६ करोडले बचतमा रहेको छ।

४५. आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा शोधनान्तर स्थिति रु. २ खर्ब ५ अर्ब ८३ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. १ खर्ब ५० अर्ब २४ करोडले बचतमा रहेको थियो। चालु आर्थिक वर्षको कात्तिक मसान्तमा शोधनान्तर बचत अमेरिकी डलरमा १ अर्ब ५३ करोड रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४६. २०८१ कात्तिक मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा १०.५ प्रतिशतले वृद्धि भई रू. २२ खर्ब ५५ अर्ब ३५ करोड पुगेको छ। यस अवधिमा अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा ९.४ प्रतिशतले वृद्धि भई १६ अर्ब ७० करोड पुगेको छ।

४७. आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १८ महिनाको वस्तु आयात तथा १५.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

४८. २०८१ असार मसान्तको तुलनामा २०८१ कात्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.०२ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३४.७४ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

## पर्यटक आगमन

४९. पर्यटक आगमनमा निरन्तर वृद्धि भएको छ। सन् २०२४ को जनवरी देखि नोभेम्बरसम्म नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या १४.९ प्रतिशतले बढेर १० लाख ५५ हजार ५ सय ३१ पुगेको छ। गत वर्षको सोही महिनासम्म उक्त सङ्ख्या ९ लाख १८ हजार ३ सय ८ रहेको थियो।

५०. सन् २०२४ को अगस्टदेखि नोभेम्बरसम्म नेपाल आउने पर्यटकको सङ्ख्या ४ लाख ७ हजार ९ सय १६ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३ लाख ८४ हजार १ सय १ रहेको थियो।

५१. आर्थिक वर्ष २०८१/८२ को कात्तिकसम्म भ्रमण आयमा ३.८ प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ८४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो आय रु. २५ अर्ब ८७ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा १०.३ प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब ३१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यय रु.६१ अर्ब ९२ करोड रहेको थियो।

५२. चालु आर्थिक वर्षको पहिलो चार महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु. ३७ अर्ब ७२ करोड रकम मुलुक बाहिर लगेका छन्। गत आ.व. को सोही अवधिमा यस्तो रकम रु.३८ अर्ब ४४ करोड रहेको थियो। चालु आर्थिक वर्षको कात्तिकसम्म शिक्षा क्षेत्रमा रु. १ अर्ब ७९ करोड रकम भित्रिएको छ।